# क्षेत्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम
# ११–१४ फागुन २०७४, काठमाडौँ, नेपाल

**हातेपत्र १.४[६]: राम्र अभ्यास : घरेलु काममा बाल श्रमको अन्त्य र कम उमेरका घरेलु श्रमिकको संरक्षण**
(स्रोत : घरेलु काममा बाल श्रमबारे अन्तर्राष्ट्रिय घरेलु श्रमिक महासङ्घ तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठनको हाते पुस्तिका)

विश्वभरि सरकार, श्रमिक सङ्गठन, घरेलु श्रमिक सङ्गठनहरू तथा गैरसरकारी संस्थाहरूले शोषण तथा दुर्व्यवहारले भरिपूर्ण बाल श्रम अन्त्य गर्न तथा कानुनले रोजगारीका लागि तोकेको उमेर पुगेका घरेलु बाल श्रमिकको संरक्षणका लागि महत्वपूर्ण कदमहरू चालेका छन् । तलका बुँदा त्यसका केही उदाहरण मात्र हुन् :

- सन् २०१३को मार्चमा **अर्जेन्टिनाले** घरेलु श्रमिकबारे नयाँ कानुन बनाएको छ । त्यस कानुनले घरेलु काममा संलग्न हुने न्यूनतम उमेर १६ वर्ष तय गरेको छ । त्यस्तै, सो कानुनले १६देखि १८ वर्षका बालबालिकाले काम गर्ने अवधिलाई हप्तामा ३६ घण्टामा सीमित गरेको छ र १८ वर्षमुनिका घरेलु श्रमिकलाई रोजगारदाताको घरमा नै बसी कार्य गर्न निषेध गरेको छ ।
- **श्रीलङ्कामा** बाल दुर्व्यवहारका घटनाबारे थाहा पाएमा वा शङ्का लागेमा राष्ट्रिय बाल संरक्षण प्राधिकरणसँग व्यक्तिगत घर लगायत कुनै पनि परिसरभित्र छिर्ने र खानतलासी गर्ने अधिकार छ ।
- **तान्जानिया**मा शोषणयुक्त श्रमको घटना पहिचान गर्न, त्यस्ता प्रकारका शोषणयुक्त परिस्थितिबाट तुरुन्त बालबालिकालाई निकाल्न र आवश्यकता अनुसार रोजगारदाता विरुद्ध कानुनी कारबाही सुरु गर्नका लागि श्रमिकसङ्गठन (सिएच्ओडिएडब्लुयु)ले स्थानीय गाउँहरूमा बाल श्रम समिति गठन गरेको छ ।
- **कम्बोडियामा** अन्तर्सङ्गठन समितले देशका सम्पूर्ण सङ्गठनलाई लागू हुने गरी घरेलु बाल श्रम सम्बन्धी नीति तयार गरेको छ । यस नीति अनुसार सङ्गठनका कुनै पनि सदस्यले १५ वर्ष मुनिका बालबालिकालाई घरेलु बाल श्रममा संलग्न गराउन पाइँदैन । त्यस्तै, नास्ता, आवास तथा शिक्षा सामग्री, लुगा, लाभांश लगायतका अन्य सुविधा बाहेक न्यूनतम उमेर पूरा गरेका घरेलु बाल श्रमिकको पारिश्रमिक ६० हजार रायल (करिब १५ अमेरिकी डलर अथवा १,५५० नेपाली रुपैँया) निश्चित गरेको छ ।
- **फिलिपिन्समा** बिसयन फोरम नामक गैरसरकारी संस्थाले विद्यालयका प्रशासकहरूसँगको समन्वय र सहकार्यमा घरेलु बाल श्रमिकका लागि आइतबार तथा श्रमिकहरूको बिदा हुने अन्य दिनमा पनि विद्यालयमा आई पढ्ने र अन्ततः औपचारिक शिक्षा पूरा गर्न मिल्ने गरी विशेष पाठ्यक्रम तयार गरेको छ ।
- बङगलादेश, ब्राजिल, घाना, इन्डोनेसिया, मेक्सिको, मोरोक्को, फिलिपिन्स तथा टर्की सहित एक दर्जन राष्ट्रले आर्थिक दबाबका कारण पैसा कमाउनका लागि बाध्य भएर बालबालिकालाई काममा पठाउनु पर्ने अवस्थाबाट गरिब परिवारलाई राहत दिन नियमित भत्ता दिएर घरेलु बाल श्रमिक लगायत अन्य प्रकारका श्रममा संलग्न बालबालिकाको सङ्ख्यालाई घटाएका छन् ।

- घरेलु बाल श्रम सम्बन्धी चेतना अभिवृद्धि गर्न र यसलाई रोकथाम गर्न कोस्टारिका, होन्डुरस तथा पानामामा मिडिया अभियान सञ्चालन भएका छन् । यस अभियान अन्तर्गत ती देशका मुख्य रेडियो तथा टेलिभिजन च्यानलमा निश्चित समय सुरक्षित गरिएको छ र त्यही समयमा घरेलु बाल श्रमसँग सम्बन्धित कार्यक्रमहरू प्रसारण गरिन्छन् ।
- **टोगो**मा डब्लुएओ अफ्रिक नामक गैरसरकारी संस्थाले घरेलु बाल श्रमिक पहिचान गर्न र बाल अधिकार सम्बन्धी सूचना प्रवाह गर्न सामाजिक कार्यकर्ताहरूलाई हरेक घरघरमा पठायो । त्यस संस्थाले सयौँ घरेलु बाल श्रमिकको उद्धार गरी उनीहरूलाई परिवारमा पुनर्एकीकरण गर्न सफल भयो ।
- सन् २०१२मा **नामिबिया** सराकारले **अन्य** सामाजिक साझेदारको बलियो समर्थनमा घरेलु श्रमिकका लागि पारिश्रमिक निर्धारण गर्न आयोग गठन गऱ्यो । त्यस पाँच सदस्यीय आयोगमा हरेक श्रमिक सङ्गठन र रोजगारदाता महासङ्घका एक प्रतिनिधि थिए । घरेलु श्रमिकका लागि न्यूनतम पारिश्रमिकको नयाँ स्तर तोक्ने, रोजगारीका अन्य अवस्था अनुसन्धान गर्ने तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि १८९ले निर्देश गरे अनुसार घरेलु बाल श्रमिकको संरक्षणका लागि सिफारिस गर्ने लगायतको बृहत् कार्यभार आयोगलाई दिइयो ।
- **एसियामा** अन्तर्राष्ट्रिय श्रम सङ्गठनको प्रमोट परियोजना घरेलु श्रमिकलाई सहयोग र सङ्गठित गर्नका लागि घरेलु श्रमिक सङ्गठनको क्षमता अभिवृद्धि गरी घरेलु काममा बाल श्रमलाई निर्मूल गर्न केन्द्रित छ । यस परियोजनाका मुख्य रणनीतिहरू यस प्रकार छन् : अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि १८९को अनुमोदनलाई प्रवर्द्धन गर्ने; इन्डोनेसियामा घरेलु श्रम सम्बन्धी विधेयक तथा घरेलु काममा बाल श्रम उन्मूलनका लागि प्रदेश र जिल्ला स्तरमा विभिन्न कानुन लागू गर्न प्रोत्साहान गर्ने; क्षेत्रीय तथा अन्तर्राष्ट्रिय तहमा श्रमिक सङ्गठन र घरेलु श्रमिक संङ्गठनबीचको रणनीतिक साझेदारीलाई प्रोत्साहन गर्ने र घरेलु श्रमिकका लागि उचित काम सुनिश्चित गर्नका लागि भएका प्रयासबाट आएका सिकाइ र गरिएका क्रियाकलापलाई बढावा दिने ।

---

[i] This is a Nepali translation of IDWF-ILO (2017) Handout 1.4: Good practices: Ending child labour in domestic work and protecting young domestic workers, in Tackling Child labour in Domestic Work: a Handbook for action for domestic workers and their organizations, page 78-79. Available in https://goo.gl/3Zaicr